# पुनर्वास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालयको आ.व. २०७४/०७५ को
# प्रथम नगर सभा

## नगर प्रमुख श्री जीवन राज थापाद्वारा प्रस्तुत नीति, कार्यक्रम तथा वजेट

यस नगर सभाका आदरणीय सभासदज्युहरु, राष्ट्रसेवक कर्मचारी, सुरक्षा निकायका प्रमुख एवम् सञ्चारकर्मी मित्रहरु !

सर्वप्रथम म यस गरिमामय पुनर्वास नगरपालिकाको पहिलो नगरसभाको बैठकमा नगरपालिकाको प्रमुखको हैसियतले यस नगरपालिकाको तर्फबाट तथा मेरो व्यक्तिगत तर्फबाट सम्पूर्ण महानभावहरुमा हार्दिक स्वागत गर्न चाहन्छु ।

यस शुभ अवसरमा म मुलुकको राष्ट्रियता,सार्वभौमसत्ता,अखण्डता,स्वाधीनता तथा शान्ती समृद्ध लोकतन्त्रको प्राप्तीका लागि जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहिदहरु प्रति श्रदाञ्जली अपर्ण गर्दछु ।

२०६२/०६३ को जनक्रान्तिको उपलब्धीको रुपमा प्राप्त नेपालको संविधानले प्रत्याभूत गरेको स्थानीय तहको गत अषाढ १४ गते सम्पन्न निर्वाचनमा तपाईहरुको अमूल्य साथ सहयोग र समर्थनले निर्वाचित भएर पुनर्वास वासीहरुको सेवा गर्ने सुवर्ण अवसर प्राप्त गर्ने मौका दिनु भएकोमा सम्पूर्ण नगरवासीहरुलाई नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

जन प्रतिनिधी मुलक यस निकायमा  विगत लामो समय देखि जनप्रतिनिधीको निर्वाचन नभै स्थानीय निकाय जनप्रतिनिधी विहिन अवस्थामा १९वर्ष पछि सम्पन्न भएको निर्वाचनबाट प्रतिनिधीको रुपमा चुनिएर काम थालनी गरे को यो सुखद अवसरमा जनप्रतिनिधी विहिनताको अवस्थमा समेत जन अपेक्षा बमोजिम कार्य सम्पादन गरि जनसहभागीता मुलक पद्धतिबाट विकास निर्माण तथा सेवा प्रवाहलाई निरन्तरता दिन सफल भएकोमा कार्यकारी अधिकृत लगायतका कर्मचारी मित्रहरुलाई हार्दिक धन्यवाद टक्रयाउन चाहन्छु ।

यस नगरपालिकाको मुख्य चुनौतिको रुपमा रहेको सुकुम्वासी समस्या समाधान,सार्वजनिक पूर्वाधार,खुल्ला क्षेत्र,खेलकुद तथा मनोरन्जन स्थलको व्यवस्थापन नगरपालिकाको प्रमुख दायित्व रहेको कुरा मैले महसुस गरेकोछु ।

तर जग्गाको उपलब्धता तथा व्यवस्थापन यसको पहिलो शर्त रहेकोले सार्वजनिक जग्गाको व्यवस्थापनको जिम्मा नगरपालिकाले प्राप्त नगरेमा जनताको अपेक्षा बमोजिमको जग्गा खरीद गरी यस्ता पूर्वाधारहरु निर्माण गर्नु निकै कठिन एवम  नगरपालीकाको सिमित साधन श्रोत वाट धान्न नसकिने हुंदा नगरपालिका भित्रका सार्वजनिक ऐलानी जग्गाहरुको व्यवस्थापन गर्ने जिम्मेवारी पूर्णरुपले स्थानीय निकायलाई जग्गाको प्रयोगको मार्ग प्रशस्त गर्न जोडदार आवाज उठाउन चाहन्छु ।

खुल्ला सिमानाका कारण नेपाल भित्रको भूमि भरातीय पक्षबाट घुषपैठ गरी सिमा अतिक्रमणका कारण पुनर्वास नगरवासीले भोग्दै आईरहेको पिडालाई आत्मसात गर्दै उक्त क्षेत्रहरु प्रष्ट हुने किसिमले नक्सांकन गरी सो को सुरक्षात्मक ढंगबाट सिघ्राधी सिघ्र कार्यान्वयन गर्नका लागि जोडदार आवाज उठाउदै सीमांकन, नक्सांकन गरी निकासका लागि सम्बन्धित निकायमा विशेष पहल गरिनेछ ।

**अव म आ.व.२०७३/०७४को प्रगति समिक्षा संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

१. आ.व.२०७३/०७४ मा आन्तरीक आय रु.९१०७१५०।१८ तथा वाह्य आम्दानी  रु.१६०७९०६२८।१७ एवं राजश्व वाँडफाँड समेत गरि कुल रु १६,९८,९७,७७८।१७ वजेट तथा कार्यक्रम तर्जुमा गरिएको थियो । खर्च तर्फ आ.व.२०७३/०७४को अन्तसम्म चालु खर्च ९५ प्रतिशत, पुजिगत खर्च ९० प्रतिशत भएको  कुराको जानकारी गराउन चाहन्छु ।

२. वित्तिय अनुशासन तर्फ विचार गर्दा समिक्षा अवधिमा कूल ३,८७,११७० वेरुजु कायम रहेको मा चालु आ.व.मा उक्त रकम. फछर्यौट एवम् नियमित गर्ने तर्फ पहल भएको देखिन्छ । चालु आर्थिक वर्षको आय व्यय को लेखा परीक्षण महा लेखा परीक्षकको कार्यालयबाट सम्पन्न हुने संवैधानिक प्रावधानले गर्दा आगामी दिनमा आर्थिक अनुशासन कायम गर्ने कुरामा सुधार आउने र कार्यालयका सबन्धित शाखा कर्मचारीको क्षमता विकास हुन जाने अपेक्षा लिएको छु । यस्का अतिरिक्त जनप्रतिनिधीहरुले भष्ट्राचारमा शुन्य सहनशिलताको नीति लिने प्रण गरेको कारणले समेत वित्तिय अनुशासनमा सुधार आउने कुरामा म विश्वत छु ।

**उपस्थित महानुभावज्यूहरु ,**

आ.व.२०७४/०७५को वजेट तर्जुमा गर्दा देहायका विषयहरुलाई प्रमुख नितिगत मार्गदर्शन को रुपमा अवलम्वन गरेको छु ।

१) नेपालको संविधान २०७२ ले निर्देशित गरको स्थानीय तहको काम कर्तव्य तथा अधिकार सम्बन्धि विषय तथा प्राथमिकताहरु ।

२) नेपालको संविधान २०७२ को अनुसूची ८ तथा ९ ले स्थानीय तहको लागि तोकेको राजश्व  परिचालन सम्बन्धि खाका,खर्च जिम्मेवारी संरचनाको स्वरुप ।

३) यस नगरपालिकोको प्रमुखको रुपमा जनतासंग मत माग्दा व्यक्त गरेका प्रतिवद्धता पत्र तथा समय समय जनता संग गरेको वचन वद्धताहरु ।

४) नेपाल सरकार,अर्थ मन्त्रालय,राष्ट्रिय योजना आयोग,संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय, सडकबोर्डनेपाल,पंजिकरण विभागबाट प्राप्त वजेट सिलिङ,मार्ग दर्शन  निर्देशन तथा सुझावहरु ।

अव म हामीले आ.व.२०७४/०७५का लागि प्रस्ताव गरेको आय व्ययको वारेमा प्रकाश पार्न चाहन्छु ।

१) यस न.पा.लाई समानिकरण अनुदान **रु.२६करोड ९लाख १०हजार तथा सशर्त अनुदान रु.११ करोड ९६लाख ४९हजार गरि जम्मा रु.३८करोड ५लाख ५९हजार मात्र** प्राप्त भएको व्यहोरा यस सभालाई जानकारी गराउन चाहन्छु , यसै गरी सोही वजेट वक्तव्यको विभिन्न वुँदाहरुमा स्थानीय तहमा हस्तान्त्रण हुने भनिएका कार्यक्रमहरुको लागि सोही बमोजिम शशर्त अनुदान तथा समानिकरण अनुदानमा केही क्षेत्रहरुको रकम समायोजन गरिएको देखिएको छ । यसको अलावा वजेट वक्तव्यमा नगरपालिकाको हकमा कुनै पनि विषयगत कार्यालयले कार्यान्वयन गर्ने एक करोड भन्दा सानो वजेटका कार्यक्रमहरु नगरपालिकाले माग गरेमा सोही कार्यालयहरुले प्राविधिक सहायता उपलब्ध गराउने भनिएका कार्यक्रम के कति हस्तान्त्रण भै आउँछन तथा यसले नगरपालिकाको वजेट सिलिङ मा के कस्तो प्रभाव पार्छ भनि आज एकिन साथ वताउन सकिने अवस्था रहेन ।

२) यस नगरपालिकाका प्रत्येक वडा समितिहरुलाई सडक लगायतका विभिन्न योजना तथा आकस्मिक मर्मतका कार्यहरु र तत्काल आवश्यक पर्ने खालका योजनाहरु सञ्चालन गर्न वडा समितिले प्राथमिकता तोकेका क्षेत्रहरुमा कुनै हेरफेर नगरि योजना स्वीकृत गर्ने गरि रु ६करोड ६० लाख वजेटको व्यवस्था मिलाएको छु । विकासलाई समानुपातिक,समन्यायिक तथा सन्तुलित बनाउन प्रत्येक वडामा योजना तथा कार्यक्रमहरु पर्ने गरि वजेटको वाँडफाँड मिलाएको छु ।

३) स्थानीय निकाय श्रोत परिचालन कार्यविधि अनुसार अवलम्वन गरिएका पूर्व नगर परिषदबाट महिलाको क्षेत्रमा १०% , वालवालिकाको क्षेत्रमा १५% तथा अन्य लक्षित वर्गमा १५% रकम विनियोजन गर्ने गरिएको थियो,तर हाल उक्त सम्बन्धि कुनै पनि नीति उल्लेख नभएको भएतापनि समावेशी विकासका माध्यमद्धारा समुदायस्तर सम्म विस्तार भएका क्षमता विकास तथा प्रवर्धनात्मक कार्यक्रमहरुलाई निरन्तरता नदिँदा त्यसको नकारात्मक असर पर्ने समेत तथ्यलाई मनन गर्दै सो कार्यको लागि एकमुष्ट रु८१लाख ७८ हजार विनियोजन गरेको छु । पुनर्वास नगरपालिकाको वजेट तथा कार्यक्रम तर्जुमा,आय प्रक्षेपण र सो को
सन्तुलित विवरणको खाका समेत तयार पार्ने उद्देश्यका साथ सो मा आधारित समितिहरु गठन गरेको छु ।

४) विगतमा वालमैत्री नगरपालिका बनाउने लक्ष्य लिई गत परिषदले थप ५% श्रोत विनियोजन गरिएको यस पुनर्वास नगरलाई वालमैत्री नगर बनाउने हाम्रो साझा प्रतिवद्धता रहेकोले वालमैत्री पुनर्वास बनाउने अभियान लाई विशेष प्राथमिकिकरणमा पार्ने गरी लक्षित वर्ग रकमबाट योजना कार्यक्रम तयार गरिनेछ ।

५) समग्र खेलकुद, कला संस्कृति, साहित्य एवम् ऐतिहासिक पञ्चेबाजाहरुको संरक्षण सम्बर्धन गर्ने उद्धेश्यका साथ कार्यक्रमहरु सञ्चालन तथा पूर्वाधारहरु निर्माण गर्न सघाउने किसिमका कृयाकलाप सञ्चालन गर्ने गरि बजेटमा व्यवस्था मिलाएको छु ।

### क) पूर्वाधार विकास क्षेत्रका नीति तथा कार्यक्रमहरुः

१) पुनर्वास नगरपालिका भित्र दैनिक प्रयोगमा आईरहेका सडकहरु विग्रनु पूर्व मर्मत सम्भार एवं दुघर्टना न्यूनिकरणमा योगदान पुग्ने हिसाबले ग्रामिण सडकको आकस्मिक मर्मत स्तरोन्नती तथा विस्तार गर्ने कार्यका लागि आवस्यक रकम विनियोजन गरेको छु । २) कृषि उत्पादन वढाउन सिंचाई सुविधाको उचित व्यवस्था गर्ने तर्फ आवश्यक पहल गरिनु साथै नगरपालिका भित्रका कृषकहरुलाई आत्मनिर्भर बनाउन कृषि व्यवसायलई विशेष प्राथमिकता दिदै उत्पादनशील वस्तुहरुको भण्डारण केन्द्र निर्माणका लागि सम्बन्धित निकायहरुसंग समन्वय गरी यस  नगरपालिका भित्र चिस्यान केन्द्र स्थापना गर्ने नीति लिएको छु ।

३) नगरपालिका क्षेत्रभित्र नदी कटान, वन संरक्षण, कृषिक्षेत्रको विकास, घरेलु तथा कुटिर उद्योगहरुको स्थापना र विकासका लागि आवश्यक पहल चालेको छु ।

४) विद्युत लाईन विस्तार एवम् सवस्टेशनको व्यवस्था गरिनुका साथै विद्युत महशुल बुझाउने काउण्टर स्थापना लगायत संचालनमा आईरहेका लाईनहरु मर्मत एवम् पुनः निर्माण गर्दै लगिने व्यवस्था मिलाएको छु ।

५) जंगली जनावरहरुबाट खाद्य सुरक्षामा पर्ने असर कम गर्न आवश्यक पहल चालेको छु ।

६) भवन निर्माण आचार संहिता एवम भवन मापदण्डको पूर्ण पालनाका लागि आवश्यक पहल चालेको छु ।

७) आवश्यक खेलमैदान, पार्क, उद्यान एवम खुल्ला मञ्चको व्यवस्थापनको लागि पहल गरेको छु ।

८) नगरक्षेत्र भित्रका स्वास्थ्य चौकी, शहरी स्वास्थ्य क्लिनिक, वर्थिङ्ग सेन्टर संचालन गर्न सो का भौतिक संरचनाहरुको मर्मत संभार एवम व्यवस्थापन गर्दै लगिने छ ।

९) नगरपालिका भित्रका समुदाय र वस्तीहरुबाट माग भै आएका विभिन्न साना तिना भौतिक पूर्वाधारका योजनाहरुको आवश्यकता पहिचान गरि निर्माण गर्न प्राथमिकता दिईने छ ।

१०) गत आ.व.२०७३।०७४ को परिषदबाट पास भै सञ्चालनमा रहेका कार्यालय भवन समेतका योजनाहरुलाई प्राथमिकतामै राखी यसलाई सम्वोधन गर्न रु२ करोड७९लाख १५हजार वजेट विनियोजन गरेको छु ।

११) विनियोजित रकम आ.व.को चैत्र मसान्तसम्म सम्झौता गरि कार्यन्वयन अघि नवढेका उपभोक्ता समिति मार्फत संचालन गरिने योजनाहरुलाई रकमान्तर गर्ने निति लिई जुन आर्थिक वर्षको लागि वजेट विनियोजन गरिएको हो सोही आर्थिक वर्षमा आयोजना सम्पन्न गरि सक्नु पर्ने निति लिईने छ ।

१२) न.पा.को भौतिक एवं सामाजिक सेवा लाई अपाङ्ग मैत्री बनाउदै लगिने छ ।

१३) सौर्यवत्ती जडानलाई अभियानको रुपमा अगाडी लगिने छ, सौर्यवत्ती तथा ग्रामिण विद्युतिकरणको लागि आवस्यक रकम प्रस्ताव गरेको छु ।

१४) यस नगरपालिका भित्र विगत देखि नै अभियानको रुपमा रहेको सुदूरपश्चिम विश्व विद्यालय अन्तर्गतको आंगिक कृषि विश्व विद्यालय स्थापनाका लागि सम्बन्धित निकायबाट सम्बन्धन प्राप्त गरी सुचारु गर्न विशेष पहल गर्ने नीति लिएको छु ।

१५) यस नगरभित्र रहेका राष्ट्रिय एवम् सामुदायिक वनहरुलाई नगरपालिकाको मातहतमा लिई एकद्धार प्रणालीबाट संरक्षण एवम् सम्वर्धनका लागि बिशेष नीति लिइनेछ ।

१६) नगरपालिको वडा नं. १ देखि ३ मा फैलिएको नमूना ग्रीनवेल्टलाई स्तरोन्नति गर्दै लगिने नीति लिएकोछु ।

**ख) फोहरमैला वातावरण तथा प्रकोप व्यवस्थापन क्षेत्रका निति तथा कार्यक्रमहरुः**

१) फोहरमैला व्यवस्थापनका लागि डम्पिङ्ग साईड निर्माण गर्न जग्गा पहिचान गरि फोहरमैला व्यवस्था गर्न प्रत्येक क्षेत्रमा टोल विकास संस्था स्थापना गरि सहकार्य गरिने छ ।

२) जथाभावी फोहर फाल्नेलाई आवश्यक कारवाही गर्न एउटा अनुगमन तथा निगरानी समिति बनाई फोहरमैला व्यवस्थापनमा सुधार ल्याउने नीति लिईने छ ।

३) नगरक्षेत्रको फोहरमैलाको दीगो व्यवस्थापनका लागि व्यवस्थित ल्याण्डफिल्ड साईटको पूर्वाधार निर्माण गरिने छ ।

४) ढल निकासको प्रयाप्त व्यवस्था नहुंदा सडकमा पानी जम्ने फोहर पानीले शहर वस्ती दुषित बनाउने तथा उत्पादकत्व घट्ने भएकोले ढल प्रशोधन क्षेत्र निर्माणको लागि सम्बन्धीत निकाय मार्फत कार्य अगाडि बढाउने निति लिएको छु ।

५) एकल महिला, अपाङ्गता भएका व्यक्ति, द्धन्दपीडित, घरवार विहिन तथा अति गरिब लगायत आर्थिक, सामाजिक रुपमा पछाडी परेका परिवारका सदस्यहरुलाई
रोजगारमूलक तालिम सञ्चालन गर्नका लागि आवस्यक रकम विनियोजन गरिएको छ ।

६) यूवा वर्गमा लागु पदार्थ दुर्व्यसनप्रति सजकता तथा HIV/AIDS रोकथाम तथा नियन्त्रण का लागि जनचेतनामूलक विशेष कार्यक्रम सञ्चलन गरिने छ ।

७) नगरवासीहरुलाई एच.आई.भी.एड्स HIV/AIDS तथा अन्य संक्रमित रोगहरु र विविध स्वास्थ्य शिक्षा सम्बन्धि चेतनामूलक कार्यक्रम संचालन गर्न विभिन्न सरकारी एवम् गैर सरकारी संघ संस्थाहरुसंग सहकार्य गरिनुका साथै नगरबासीहरुलाई जुवा, तास, मदिराजन्य पदार्थहरुको दुर्व्यसनबाट बचाउन यूवा क्लव लगायतका संस्थाहरुलाई जागरुक गराई नियन्त्रण एवम् नियमन गर्ने नीति लिएको छु ।

८) आगामी ३ वर्ष भित्र यस नगरपालिकालाई वालमैत्री नगरपालिका बनाउन लक्ष्य लिइएको हुंदा बाल विवाह, बाल श्रम शोषण तथा घरेलु हिंसा, बलात्कार, मानव बेचविखन जस्ता अपराधिक क्रियाकलापहरुलाई पूर्णरुपले नियन्त्रण गर्न आवश्यक पहल चालेको छु ।

९) नगरपालिका भित्र रहेका पिछडिएका वस्तीहरुलाई पोष्ट ओ.डि.एफ.कार्यक्रम संचालन गरि जनचेतना जगाउने किसिमका सरसफाई सम्बन्धि कार्यक्रमहरु मार्फत प्रत्येक वडाहरुमा सरसफाईका लागि अनुदानको व्यवस्था मिलाई सार्वजनिक शौचालय एवम् स्वास्थ्य तथा सरसफाईका कार्यक्रमहरुलाई निरन्तरता दिईने छ ।

१०) योजनाहरु सञ्चालन गर्दा दीर्घकालिन, उत्पादनशील तथा धेरै नगरवासीहरु लाभान्वित हुने खालको स्थानीयस्तर, वडास्तरबाट प्राप्त हुने योजाहरुलाई प्राथमिकता दिई आवश्यकताको आधार (**Need Base**) मा सबै वडाहरुको समानुपातिक विकासलाई समेत ध्यानमा राखी योजना तर्जुमा प्रकृया अगाडी वढाएको छु ।

११) योजना संचालनको सन्दर्भमा उपभोक्ता समितिलाई आवश्यक तालिमको व्यवस्था गरिने छ, साथै योजनाको उत्तरदायित्व र जिम्मेवारी वहन गराउने तर्फ जोड दिने छु ।

१२) नगरपालिकाबाट प्रवाह हुने सेवालाई छिटो छरितो र जनउत्तरदायी बनाउँदै लानेछु ।

१३) आर्थिक सहायता प्रणालीमा आवश्यक सुधार ल्याउनेछु ।

१४) ठेक्का पट्टाबाट संचालन हुने आयोजनाहरुलाई पारदर्शी ढंगले कार्यान्वयनमा ल्याउनको लागि रु.३० लाख भन्दा माथिका आयोजनाहरुको E-Biding) प्रकृयाबाट समेत ठेक्का हाल्न मिल्ने व्यवस्था गर्नेछु ।

१५) कार्यालयको लागि आवश्यक भौतिक पूर्वाधार र मेसिनरी सामाग्रीको व्यवस्था गरिनेछ ।

१६) नगरपालिका क्षेत्रको सडकमा दाँया वाँया तथा अन्य आवश्यक ठाँउमा वृक्षारोपण गर्नुका साथै ऐलानी,सरकारी प्रति जग्गाको संरक्षण सम्वर्द्धन एवम् व्यवस्थापन गर्नका लागि त्यस्ता स्थानहरुको अध्यावधिक गरि व्यवस्थित गर्दै जाने व्यवस्था मिलाउने छु ।

**ग) सेवा प्रवाह,संस्थागत विकास तथा सुशासन संग सम्बन्धित नीतिहरुः**

१) नगरपालिकाबाट सम्पादन हुने हरेक आयोजना तथा कार्यक्रमहरुको सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण जस्ता कार्यहरुबाट पारदर्शिता एवं स्थानीय सुशासन कायम गरि गुनासो सुन्ने र समाधान गर्ने परिपाटीको विकास गरिने छ ।

२) नगरपालिकामा आवश्यक र उपयूक्त कानुन नियमावली कार्यविधि तथा निर्देशिकाहरु तयार गरी नगरवासीहरुलाई सरल,सहज र प्रभावकारी सेवा प्रदान गरिने छ ।

३) वडा कार्यालयहरुलाई नागरिकहरुको पहिलो र नजिकको सरकारको रुपमा विकास गरिने तथा भौतिक सुविधा सम्पन्न गरिदै लगी आवश्यक जनशक्ति आपूर्ति गरि प्रत्येक वडा कार्यालयहरुमा नागरक वडा पत्र राखी वडा कार्यालयहरुको समग्र क्षमता विकासको लागि आवस्यक बजेटको व्यवस्था मिलाएको छु ।

४) हाल सञ्चालित नगरपालिकाका धैरै सवारी साधनहरु पुरानो भै सकोको अवस्था छ,अन्य विषयगत कार्यालयहरुबाट कर्मचारी समायोजन भै आउने क्रममा सवारी साधन प्राप्त हुने नहुने कुरा एकिन भै नसकेको अतः समायोजनको चरण सम्म केही महिना प्रतिक्षा गरि सवारी साधन प्राप्त हुने अवस्था नभएमा मध्यम स्तरको कार्यालय प्रयोजनको लागि सवारी साधन नगरपालिकाको आन्तरीक आयबाटै खरीद गर्ने गरि सो को लागि आवस्यक वजेट विनियोजन प्रस्ताव गरेको छु । सवारी साधन खरीद गर्नु नपरेमा उक्त रकम विकास निर्माणमा नै खर्च गरिनेछ ।

५) नगरपालिकामा कार्यरत कर्मचारीहरुले खाईपाई आएको सुविधा यथावत राख्ने प्रस्ताव गरेको छु ,पदाधिकारी तथा सदस्यहरुको वैठक भत्ता ईन्धन यातायात खर्च तथा भ्रमण भत्ताको लागि आवस्यक रकम बिनियोजन प्रस्ताव गरेको छु

६) नगरपालिकामा कर्मचारीहरुको निकै अभाव देखिएकोले सो को वैज्ञानिक ढंगबाट व्यवस्था गर्नुका साथै उत्कृष्ट काम गर्ने कर्मचारीहरुलाई पुरस्कृत र काम नगर्नेलाई दण्डित गर्ने नीति लिईने छ ।

**घ. भवन निर्माण तथा नक्सा पास,भूमि व्यवस्थापन सम्बन्धि नीतिहरुः**

१) वस्ती विकास शहरी योजना तथा भवन निर्माण मापदण्ड बमोजिम प्लटिङ्ग लाई व्यवस्थित गर्नका लागि न.पा.बाट स्वीकृति नलिई गरिएको प्लटिङ्गको नक्सा पास नगर्ने नीति अवलम्वन गरि यस्ता प्लटिङ्ग हरुलाई समयमै स्वीकृति सिमा समयावधि तोकी सूचना जारी गर्ने र Landfield Plane नबनेसम्म वस्ती वस्न अयोग्य क्षेत्रमा प्लटिङ्ग स्वीकृति दिईने छैन ।

२) न.पा.ले शहरीयोजना वस्ती विकास तथा भवन निर्माण सम्बन्धि आधारभूत मापदण्ड तयार गरि कार्यान्वयनमा ल्याईने छ ।

३) यस नगरपालिकाबाट नक्सापासगरि निर्माण भएका भवनहरुमा तलाथप गर्नकोलागि माग गरेमा तत्कालिन नक्सापास भएको,सडक मापदण्ड,सडक अधिकार क्षेत्र तथा सेटव्याक पुरा भएको अथवा सडक ऐन अनुसरण गरेको सार्वजनिक वा सरकारी जग्गा अतिक्रमण नगरेको अवस्थामा र राष्ट्रिय भवन संहिता २०६० अनुसार आवश्यक्ता भएमा भूकम्पिय सुदृढिकरण Rectabiting सहित तला थपको अनुमतिप्रदान गर्ने नीति लिईने छ ।

४) नगरपालिका क्षेत्र भित्रका सार्वजनिक प्रति ऐलानी जग्गाहरुको संरक्षण गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ । न.पा.क्षेत्रमा रहेको सार्वजनिक जग्गाहरु न.पा.को स्वामित्वमा ल्याउनको लागि सबैको सहयोग,प्राप्त हुने अपेक्षा लिईएको छ

**ङ) राजश्व परिचालन सम्बन्धि नीतिहरुः–**

१) नगरपालिकामा नगरस्तरीय राजश्व परामर्श समितिले दिएको सुझावको आधारमा हाललाई राजश्व परामर्श समितिबाट व्यवसायकरमा केहि हेरफेरभै सिफारिस भए अनुसार गर्नेगरि र बाकि राजस्वको हकमा यस न.पा.बाट लिंईदै आईरहेको राजश्वका दरहरु यथावत नै कायमगर्ने गरिएको हुदा सोहिअनुसारको राजस्व असुलगर्ने र समयानुसार करका दरहरमा थपघट गरि कार्यान्वयन एवम् कर का नयाँ सम्भावनाहरुको खोजी तथा पहिचान गरिने छ ।

२) आगामी आ.व.मा करको दायरा विस्तार गरिने नीति लिईएको छ, यस्को लागि कर संकलनका अभियानहरु संचालन गरिने छन ।

३) न.पा.द्धारा वहालमा लगाईएका सम्पत्तीहरुको वहाल वन्दोवस्त गर्दा तथा आय संकलन कार्य प्रतिस्पर्धात्मक विधि अप्नाई प्रचलित वजार दरको आधार कायम गरि वहाल वन्दोवस्त गर्दै लगिने छ ।

४) श्रोत परिचालनलाई समतामुलक,प्रगतिशिल र न्यायपूर्ण बनाईने छ , सबै सरोकारवाला एवम करदाताहरुको सहभागितामा राजश्व अभिवृद्धि गरि कुल वजेटमा आन्तरीक आम्दानीको अंश वृद्धि गरिदै लगिनेछ,घरवहाल कर,सवारी कर,व्यवसाय कर संकलनका क्षेत्रमा थप मेहनत गरि प्रभावकारी रुपमा श्रोत परिचालन गरिनेछ ।

**विविधः–**

१) यस पुनर्वास नगरपालिकालाई वातावरण, साक्षर, अपांग,महिला मैत्री नगरपालीका बनाउन जनचेतनामुलक कार्यक्रमहरु संचालन गरि नगरपालिका भित्रका संघ,संस्थाहरुलाई समेत उक्त क्षेत्रमा आवद्ध गराउने उद्देश्य लिएको छु।

२) नगरपालिका क्षेत्रभित्र विशेष महत्व राख्ने मौलिक भाषा, साहित्य एवम् संस्कृतिको संरक्षण गर्दै ऐतिहासिक धार्मिक एवम् पुरातात्विक महत्वका सम्पदाहरुको संरक्षण र सम्वर्द्धन गर्दै लगिने लक्ष्य लिनुका साथै विशेष महत्व बोकेका कोटिहोम, बन्दाताल, प्याराताल जस्ता धार्मिक पर्यटकिय स्थलहरुको स्तरोन्नति गरि पर्यटकहरुको आकर्षण बढाउने उद्धेश्य अनुरुप निर्माण गर्ने नीति लिएको छु ।

३) नगरपालिकाको प्रोफाईल(पार्श्व चित्र)तयार गरी प्रकाशन गर्ने छु ।

४) नगरपालिका क्षेत्र भित्र रहेका खाद्य पसल,मासु पसलहरुको सम्बन्धित निकायहरु संग समन्वय गरि अनुगमन र नियमन गर्ने कार्यको थालनी गर्ने छु ।

५) यस नगरपालिका भित्र उचित स्थानको पहिचान गरी मल्टीकम्प्लेक्स भ्यू टावर निर्माणको कार्यलाई अगाडि बढाउने नीति लिएकोछु ।

६) नगरभित्र रहेका सहकारीहरुलाई एकद्धार प्रणाली अन्तर्गत जिल्ला सहकारी संघसंग सहकार्य गर्दै लगिने नीति लिएकोछु ।

**आदरणीय महानुभावहरु !**

अब म चालु आर्थिक वर्ष २०७४।२०७५को लागि हामीले प्रस्ताव गरेको खर्च व्यहोर्ने अनुमानित श्रोतको संक्षिप्तमा प्रकाश पार्न चाहन्छु ।

क) आगामी आ.व.२०७४/०७५ को लागि कुल आय निर्धारण गर्दा आन्तरीक आय रु १ करोड ८ लाख राजश्व बाँडफाँडबाट रु६० लाख नेपाल सरकारबाट प्राप्त हुने समानिकरण अनुदानबाट रु२६करोड ९लाख१०हजार सशर्त अनुदान रु११ करोड ९६ लाख ४९ हजार सडकवोर्डबाट आउने सडक मर्मत खर्च रु १५लाख सा.सु.भत्ता रु७ करोड सिमाक्षेत्र बिकासकोषको रु ५६लाख ३६हजार तथा मौज्दात अ.ल्या.गरि रु. १करोड ७७लाख ७५हजार समेतको जम्मा रु४९करोड२२लाख७१ हजारको वजेट सीमा तयार गरेको छु , सशर्त अनुदानको रकमबाट संचालन गरिने कृयाकलापहरु मध्ये चालु तथा पूजिगत तर्फका कार्यक्रमहरु यकिन गर्न नसकिएकोले कुल वजेटमा चालु खर्च तथा पूंजिगत खर्चको केहि हिस्सा यकिन रुपमा बिभाजन गरि देखाउन सकिएको छैन ।

ख) राजनितिक दलहरुले स्वच्छ प्रतिष्प्रर्धा मार्फत निर्वाचनमा भाग लिई जनमत मार्फत आज यो नगरपालिका संचालन गर्ने भूमिकामा आई पुगेका छौं, यो संगै विगतका राजनीतिक प्रतिष्प्रर्धा पूर्वाग्रह सकिएर अव हामी एउटै टिम भएका छौं,हाम्रा नीति तर्जुमा गर्दा अन्तरकृयार सुझाव संकलन गरि नगरपालिका सु संचालनको लागि सबै राजनीतिक दलको रचनात्मक सहयोगको अपेक्षा लिंदै आफ्नो तर्फबाट समेत पार्टीको नभै समग्र नगरवासीहरुको साझा प्रतिनिधीहरुको रुपमा सेवा गर्ने विश्वास यहांहरुलाई दिलाउन चाहन्छु ।

अन्तमा आजको यस विशिष्ट अवसरमा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु भएका अतिथिज्युहरु,तथा नगर सभाका सदस्यज्युहरु, संचारकर्मी मित्रहरु,विषयगत कार्यालय तथा नगरपालिकाका कर्मचारी मित्रहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । प्रस्तुत वजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रकृयामा प्रतक्ष तथा परोक्ष रुपमा सहयोग पुरयाउनु हुने नगरपालिकाका सदस्यज्युहरु, विषयक्षेत्रगत समितिका पदाधिकारीहरु, वजेट तर्जुमा समितिका संयोजक एवं नगर उप प्रमुखज्यु, विषयगत कार्यालयका प्रतिनिधी कर्मचारी साथीहरु,पत्राकार मित्र एवंम सम्पूर्ण नगरवासी दाजु भाई तथा दिदी वहिनीहरुमा हार्दिक आभार व्यक्त गर्दै आफ्नो भनाई यही टुङ्गयाउने अनुमति चाहन्छु, धन्यवाद , जय नेपाल , जय पुनर्वास !

**जीवन राज थापा**

**नगर प्रमुख**

पुनर्वास नगरपालिका

नगर कार्यपालिको कार्यालय,

पुनर्वास, कंचनपुर

मितिः–२०७४ साल भाद्र ५ गते